# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. खतिवडा सिसन वार्षिकोत्सवमा भाग लिई स्वदेश फिर्ता

गभर्नर डा. युवराज खतिवडा South East Asian Central Banks (SEACEN) Research and Training Centre र Bank Negara Malaysia ले संयुक्त रूपमा क्वालालम्पुर, मलेसियामा आयोजना गरेको तीन दिने SEACEN 30th Anniversary Conference र 3rd SEACEN-CEMLA Conference मा भाग लिई मिति २०७०।७६ बुधबारका दिन स्वदेश फर्कनु भयो ।




वार्षिकोत्सव सम्मेलनमा गभर्नर डा. खतिवडाले Macro-Financial Linkage: Issues and Challenges विषयमा Keynote Speech को रूपमा वार्ता प्रस्तुत गर्नु भएको थियो ।

उक्त Keynote Speech मा गभर्नर डा. खतिवडाले बढ्दो विश्व आर्थिक तथा वित्तीय एकीकरण, उच्च विदेशी विनिमय तथा पूँजी खाता उदारीकरण र सूचना प्रविधिजन्य नयाँ वित्तीय उपकरणहरू समेतका कारण उत्पादन क्षेत्र र वित्तीय क्षेत्र बीचको सम्बन्ध जटिल बन्दै गएको, मौद्रिक नीतिले परम्परागत रूपमा अर्थतन्त्रमा पार्ने गरेको प्रभावको दिशा मात्रा र गति परिवर्तन हुन थालेको, वित्तीय बजारबाट उत्पादन (यथार्थ) क्षेत्रमा मात्र नभएर, उत्पादन क्षेत्रको असर संस्था र बैंकहरूको वासलात मार्फत वित्तीय बजारमा समेत पर्ने गरेको बताउनु भयो । वित्तीय क्षेत्रका समस्या समाधान गर्न आन्तरिक नीतिगत सुदृढीकरणका साथै क्षेत्रीय र अन्तर्राष्ट्रिय सहयोग पनि आवश्यक रहेको कुरा उहाँले बताउनु भयो । उहाँको कार्यपत्रमा Bank of Korea का गभर्नर डा. किम र Bank of Mongolia का गभर्नर डा. जोरजारगलले टिप्पणी गर्नु भएको थियो ।

SEACEN Central Banks र CEMLA Central Banks को संयुक्त गोष्ठीमा गभर्नर डा. खतिवडाले New Paradigm in Central Banking विषयमा Panelist को रूपमा आफ्नो मन्तव्य राख्नु भएको थियो । नयाँ विश्व आर्थिक प्रणालीको खोजीले नै केन्द्रीय बैंकहरूको पनि नयाँ भूमिकाको खोजी भइरहेको उल्लेख गर्दै उहाँले विश्वको आर्थिक वृद्धिको पुनरसन्तुलन (Re-balancing), राज्य र निजी क्षेत्र वा बजारको भूमिकाको पुनरसन्तुलन, अन्तर्राष्ट्रिय आर्थिक संस्थाहरू माथि रहँदै आएको आधिपत्यको पुनरसन्तुलन, समावेशी आर्थिक वृद्धि, वित्तीय समावेशिता र आर्थिक असमानतामा कमी ल्याउनु पर्ने चुनौती बीच केन्द्रीय बैंकहरूले अर्थतन्त्र र विश्व परिदृष्य अनुकूल आफ्ना उद्देश्य तथा रणनीतिहरू परिमार्जन गर्दै जानु पर्ने विचार व्यक्त गर्नुभयो ।

खासगरी केन्द्रीय बैंकको स्वायत्तता र जवाफदेहिताबीच स्पष्ट सन्तुलन हुनु पर्ने, आर्थिक सुधारको पहल र वित्तीय स्थायित्वको नेतृत्व केन्द्रीय बैंकले लिनुपर्ने, वित्तीय समावेशितालाई प्रमुख कार्यको रूपमा स्वीकार गर्नु पर्ने, समावेशी आर्थिक वृद्धिका लागि कर्जा नीतिको उपयुक्त प्रयोग गर्नुपर्ने, वास्तविक क्षेत्रको वृद्धिबिना वित्तीय क्षेत्र मात्र अघि बढ्न नसक्ने हुँदा कर्जा नीति मार्फत आर्थिक वृद्धिलाई टेवा दिनुपर्ने, केन्द्रीय बैंक मौद्रिक अधिकारीको भूमिकासँगै नियामक र सुपरिवेक्षकीय भूमिका पनि एकीकृत हुनु पर्ने, वित्तीय प्रणाली बाहिरको बैंकिङ्ग कारोवार (Shadow Banking) लाई औपचारिक नियामक र सुपरिवेक्षकीय दायरामा ल्याउनु पर्ने जस्ता काम केन्द्रीय बैंकको दायित्वमा आएको कुरा उहाँले व्यक्त गर्नु भएको थियो ।



उक्त कार्यक्रममा दक्षिणपूर्वी एशियाली तथा ल्याटिन अमेरिकी मुलुकका केन्द्रीय बैंकका गभर्नरहरू तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाका विशिष्ट पदाधिकारीहरूको समेत सहभागिता रहेको थियो ।

**गभर्नरको कार्यालय**

मिति २०७० कार्तिक ६ गते, बुधबार